# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष २४ गते २०२४ साल

श्री ५ को सरकार

### जल तथा विद्युत मन्त्रालयको

### सूचना

नेपाल विद्युत ऐन, २०२० को दफा ५ को उप–दफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल राजपत्र भाग ४ मा २०२१ साल आश्विन २७ गतेको राजपत्रमा प्रकाशित सूचनाद्वारा नेपाल विद्युत समितिको सदस्यमा मनोनीत गरिनुभएका सदस्यहरूका पदावधी अर्को सूचना प्रकाशित नभएसम्मका लागि बढीमा १ वर्षको लागि बढाउने निर्णय गरिएको छ ।

सोही ऐनको दफा ८ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल विद्युत समितिका सदस्य श्री सचिव, जल तथा विद्युत मन्त्रालयलाई प्रकरण (१) बमोजिमको अवधिसम्मको लागि उक्त समितिको अध्यक्ष तोकेको छ ।

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको का. मु. सचिव ।

५६७



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## जल तथा विद्युत मन्त्रालयको

## सूचना

विकास समिति ऐन, २०१३ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ:–

सिंचाईको विशेष कार्यक्रम अन्तर्गत नेपाल राजपत्र भाग ४ मार्ग २७ गते २०२३ सालमा प्रकाशित यस मन्त्रालयको सूचनाको खण्ड (ख) अनुसार गठन गरिएको जिल्लास्तरीय लघु सिंचाई समितिलाई खारेज गरी सदस्यहरूको संख्या घटाई छरितो पार्न निम्नबमोजिमको जिल्लास्तरीय लघु सिंचाई समितिको गठन गरिएको र नवगठित समितिले मार्ग २७ गते २०२३ को नेपाल राजपत्रको सूचनामा उल्लेख भएअनुसारको कामकारवाही गर्ने गरी तोकेको छ ।

(ख) जिल्लास्तरीय लघु सिंचाई समितिको अध्यक्ष एवं सदस्यहरू:–

(१) जिल्ला पञ्चायत सभापति (पदेन) — — — अध्यक्ष
(२) जिल्लास्तरीय किसान संगठनको सभापति — — — सदस्य
(३) सम्बन्धित जिल्लाका राष्ट्रिय पञ्चायतका माननीय — — — ,,
(४) कृषि विकास अधिकारी — — — — ,,
(५) भूमिसुधार अधिकारी वा निज नभएको ठाउँमा भूमिसुधार सम्बन्धी सेक्शन अफिसर — — — — ,,
(६) प्रमुख जिल्ला अधिकारी वा सो नभएको ठाउँमा पञ्चायत विकास अधिकारी ,, सचिव
(७) सिंचाई इञ्जिनियर वा ओभरसियर — — — ,,

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको का. मु. सचिव ।

श्री ५ को सरकार

## जल तथा विद्युत–मन्त्रालय

## जलश्रोत तथा जलवायु विज्ञान विभागको

## सूचना

यस विभागको नयाँ गठन तालीकामा रिक्त रहेको उप–निर्देशक (सिनियर मेटियोरोलजिष्ट) पदमा निजामती सेवा नियमावली, २०२१ को परिच्छेद ८.२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले २०२४।८।२० देखि यस विभागका सहायक क्लाइमटोलजिष्ट श्री शरदप्रसाद अधिकारीलाई कायम मुकायम मुकरर गरेको छ ।

रामप्रसाद नेपाल
श्री ५ को सरकारको निर्देशक ।

५६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।